# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, चैत्र २८ गते २०२३ साल [ अतिरिक्ताङ्क ६०


श्री ५ को सरकार

### कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए-बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२३ सालको अध्यादेश नं. ८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि बिविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२८

## राष्ट्रिय निर्देशन ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः– राष्ट्रिय निर्देशन ऐन, २०१८ ( यसपछि मूल ऐन भनिएको ) मा तत्कालै केही संशोधन गर्नु आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरी बक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस अध्यादेशको नाम "राष्ट्रिय निर्देशन ( दोश्रो संशोधन ) अध्यादेश, २०२३" रहेको छ।

(२) यो अध्यादेश तुरून्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा २ मा संशोधनः– मूल ऐनको दफा २ को खण्ड (क) मा रहेको "विद्यार्थी संगठन" भन्ने शब्दहरू झिकिएको छ।

३. मूल ऐनको दफा ३ मा संशोधनः– (१) मूल ऐनको दफा ३ को उप–दफा (५) मा रहेको "विद्यार्थी संगठन" भन्ने शब्दहरू झिकिएको छ।

(२) मूल ऐनको दफा ३ को उप-दफा (७) पछि देहाए बमोजिमको उप–दफा (८) थपिएको छ—

"(८) माथिका उप–दफाहरूमा जुन सुकै कुरा लेखिएको भएता पनि विश्वविद्यालयमा वा महाविद्यालयमा वा श्री ५ को सरकारले तोकेको स्तरको कुनै शिक्षण संस्थामा शारीरिक, बौद्धिक तथा सांस्कृतिक विकाशको लागी सो संस्थाका विद्यार्थीहरूले कुनै संघ वा संस्था खोल्न चाहेमा उपकूलपति वा प्राचार्य वा प्रधान अध्यापकको स्वीकृति लिई खोल्न सक्ने छन्। त्यस्तो संघ वा संस्था खोल्ने स्वीकृति दिंदा स्वीकृति दिने अधिकारीले यो ऐन अन्तर्गत वनेका नियमहरू बमोजिम दिने छन्। त्यस्तो शिक्षण संस्थाको कुनै विद्यार्थीले उपकूलपति वा प्राचार्य वा प्रधान अध्यापकको स्वीकृति नलिई त्यस्तो कुनै संघ वा संस्था खोलेमा वा खोल्ने प्रयत्न गरेमा वा उपरोक्त उद्देश्य वा नियम विपरित कुनै काम कुरा गरेमा त्यस्तो विद्यार्थीलाई सम्बन्धित संस्थाको उपकूलपति वा प्राचार्य वा प्रधान अध्यापकले बढीमा दुई वर्षको लागी निस्काषित गर्न सक्नेछ। त्यसरी कुनै शिक्षण संस्थाबाट निस्काषित भएको विद्यार्थीलाई निस्काषनको अवधि भर नेपाल अधिराज्यको कुनै शिक्षण संस्थामा अध्ययन तथा प्रशिक्षणको निमित्त प्रवेश गर्न दिईने छैन।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल ऐनको दफा ४ खारेज हुनेः– मूल ऐनको दफा ४ खारेज गरिएकोछ ।

५. मूल ऐनमा दफा ५ क. थप्नेः– मूल ऐनको दफा ५ पछि देहाय बमोजिमको दफा ५. क. थपिएकोछ ।

"५. क. अधिकार प्रत्यायोजनः– श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यो ऐन अन्तर्गतको आफ्नो सबै वा कुनै अधिकार तथा कर्तव्य सोही सूचनामा तोकिएको कुनै अधिकारीले प्रयोग तथा पालन गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्ने छ र सो अधिकारीले दिएको आदेश वा निर्देश श्री ५ को सरकारले दिए सरह मानिने छ ।"

६. नेपाल विद्यार्थी संगठन खारेज हुनेः– मूल ऐन अन्तर्गत गठन भएको नेपाल विद्यार्थी संगठनलाई खारेज गरिएकोछ ।

लालमोहर सदर मिति २०२३।१२।२८।२

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

625

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

680